नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक २६० | २०८३ साल जेठ ११ गते सोमबार (25 May 2026 Monday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा मृत्युको प्रमुख कारक ... ३ पृष्ठमा : 'अनुशासन र नैतिक मूल्य ... ३ पृष्ठमा : ह्वाइट हाउस नजिक ...

# ग्रामीण महिलाको आर्थिक सशक्तिकरण कार्यक्रम प्रभावकारी बन्दै

# मटका (माटोको ग्लास) बनाएर दैनिकी ३ हजार आम्दानी गर्दै महिला







तस्बिरहरु : राजविराज दैनिक

**नवीनकुमार गुप्ता**
**राजविराज, १० जेठ ।**

विपन्न वर्ग, न्यून आयश्रोत तथा सामान्य लेखपढ मात्र गरेका समुदायमा सीपमूलक रोजगारीको अवस्था सृजना गरि आत्मनिर्भर तथा उनीहरुको जिविकोपार्जनमा स्तर बृद्धि गर्ने उद्देश्यले ग्रामीण महिलाको आर्थिक सशक्तिकरण कार्यक्रम प्रभावकारी बन्न थालेको छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका गरि दुई पालिकामा संचालन गरिएको ग्रामीण महिलाको आर्थिक सशक्तिकरण कार्यक्रम प्रभावकारी बन्दै गएको हो । छिन्नमस्ताको वडा नं. ३ र ५ तथा तिलाठी कोइलाडीको वडा नं. ३, ४ र ५ यो कार्यक्रम संचालनमा आएपछी २ हजार ७ सय ती समुदायका व्यक्ति सीपमूलक व्यवसायमा लागेर आत्मनिर्भर बन्न अग्रसर देखिएका छन् ।

कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आईएफएडी) र विश्व खाद्य कार्यक्रम ( डब्लुएफपी) को साझेदारीमा सप्रोस नेपालले दुबै पालिकामा संचालन गरेको ग्रामीण महिला आर्थिक सशक्तीकरण कार्यक्रमबाट उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउने मुख्य लक्ष्य रहेको सप्रोस नेपालका टिम लिडर तथा कृषि विज्ञ चन्दन केसीले जानकारी दिए । संस्थाद्वारा संचालित ती कार्यक्रमहरुको अनुगमन समेत गरिएको छ ।

अनुगमनकै क्रममा छिन्नमस्ता गाउँपालिका ३ की २० वर्षिया आरती पण्डितले कार्यक्रम संचालन आउनु पूर्व कुनै कामको अनुभव नभएको तर अहिले उनी दिनभरीमा झण्डै १ हजार मटका (चिया पिउने माटोको ग्लास) बनाएर दैनिकी ३ हजार मुल्य बराबरको आम्दानी गर्ने गरेको सुनाइन् ।

"संस्थाले मटका बनाउने विद्युतीय उपकरण खरीद गर्न आर्थिक सहयोग गर्‍यो र अपुग रकम मैले थपेर खरीद गरे ।" उनी भन्छिन्, "दिनाभ्रदी समूहमा आवद्ध भएर संस्थाका सरहरुले काम सिकाउन मद्दत गरेपछी अहिले दिनको १ हजार जति मटका बनाउनु भ्याएको छु, जसलाई बिक्रि गरेर ३ हजार आम्दानी गर्छु ।"

यस्तै माटोको अन्य भाडाहरु पनि बनाउने गर्छिन उनी । "अन्य भाडाहरुको मौसम अनुसार मात्र माग रहेकोले बढी मटका बनाउनेतर्फ ध्यान दिनेगरेको छु," उनी भन्छिन्, "मटकाका लागि माटो खरीद गर्नुपर्छ, बिजुलीको बिल लगायत अन्य खर्च काटेर झण्डै १ हजार ५ सय जति बचत हुन्छ ।"

उनी जस्तै सोही वडाकी प्रमिला पण्डित पनि संस्थाको आर्थिक सहयोगमा विद्युतीय उपकरण खरीद गरेर दियो, वसनी, कलश, कुवा, फुची लगायत माटोका भाडो बनाउन अहिले व्यस्त छिन् । उनी पनि मौसम अनुसार माटोको भाडो बनाएर दैनिकी ५ देखी ६ सयसम्म आम्दानी गर्ने गरेकी सुनाइन् ।

संस्थाकै सहयोगमा सोही वडामा अर्की महिला उद्यमी दुर्गादेवी मण्डलले अन्य भन्दा फरक व्यवसायी गर्न थालेकी छिन् । उनले पुष्प खेती (फुल उत्पादन) गर्ने कार्य रोजेकी छिन् । उनले गत पुस महिनामा डेढ कठ्ठा जग्गामा फुल उत्पादन सुरु गरिन् । जसबाट ३५ हजारको आम्दानी गरेकी छिन् । उनीसँगै उनका श्रीमान राजेश मण्डल पनि सोही व्यवसायीमा लागेका छन् । मण्डल दम्पत्तिले उत्पादन गरेको फुल नजिकै रहेको छिन्नमस्ता मन्दिरमा बिक्रि गर्ने गरेका छन् । दुर्गादेवी भन्छिन्, "बिऊ रोप्न र त्यसको हेरचार तथा किराबाट बचाउन संस्थाले सहयोग गर्‍यो, जसकरण म अहिले उक्त फुलहरु छिन्नमस्ता मन्दिरमा बिक्रि गर्ने गरेको छु, उनी थप्छिन-गत फागुन महिनामा एक जना विदेशी पर्यटक मैले रोपेको फुल हेर्न घरमै

***बाँकी अन्तिम पृष्ठमा***

# मोवाइल चोरीको आरोपमा कुटिएका चनरको मृत्यु, एक प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, १० जेठ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ गंगापुर टोलका ४० वर्षिया चनर सरदारको चरम यातना र कुटपिटका कारण मृत्यु भएको परिवारजनले दाबी गरेका छन् ।

न्याय खोज्दै आइतबार सप्तरी सदरमुकाम राजविराज आइपुगिकी मृतकका पत्नी देवकी देवीका अनुसार मोवाइल चोरी गरेको आरोपमा गाउँकै भुवनेश्वर यादव र उनका आफन्तले शुक्रबार श्रीमान चनरलाई नियन्त्रणमा लिई कुटपिट गरेका थिए ।

ज्याला मजदुरी गरेर परिवार पाल्दै आएका उनको शनिबार विहान शौचका लागि निस्केको बेला बाटोमै लडेर मृत्यु भएको थियो ।

देवकीले पोष्टमार्टमका क्रममा पनि चिकित्सकले उनको शरीरको विभिन्न भागमा चोटपटकको निशान देखिएको बताएका छन् ।

इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उपरिक्षक राजन रायमाझीले मोवाइल चोरी गरेको आरोपमा नियन्त्रणमा लिई कुटपिट गरेको भनिएका आरोपित व्यक्ति भुवनेश्वरलाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको बताए । उनले मृतकको पोष्टमार्टम रिपोर्ट तथा अन्य कोणबाट घटनाको सुक्ष्म अनुसन्धान भइरहेको समेत जनाएका छन् ।

# आजदेखी राष्ट्रिय भारोत्तोलन प्रतियोगिता हुँदै

**दैनिक समाचारदाता**
**राजविराज, १० जेठ ।**

भारोत्तोलन संघ सप्तरीको आयोजनामा सोमबारदेखि प्रथम राष्ट्रिय खुल्ला महिला-पुरुष भारोत्तोलन प्रतियोगिता सुरु हुँदै छ ।

राजविराजस्थित जिल्ला खेलकुद विकास समितिको कभर्डहलमा सोमवारदेखि जेठ १३ गतेसम्म चल्ने उक्त प्रतियोगितामा सातै प्रदेश र तीन विभागीय टोली नेपाल आर्मी, नेपाल प्रहरी र एपीएफका गरी १ सय ५० जना महिला तथा पुरुष खेलाडीको सहभागिता रहनेछ ।

भारोत्तोलन संघ सप्तरीका अध्यक्ष एवं भारोत्तोलनका अन्तर्राष्ट्रिय खेलाडी पुन्तिलाल यादवले प्रतियोगिता भव्य र सभ्य रुपमा सम्पन्न गर्न आवश्यक सम्पूर्ण तयारी पुरा भइसकेको जानकारी दिए ।

करिब १५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागि जिल्लाका विभिन्न पालिका, संघ संस्था र खेलप्रेमीले आर्थिक सहयोग गरिरहेको उनको भनाई छ । विजयी खेलाडीहरुलाई पदका साथै उत्कृष्ट पुरुष-महिला खेलाडीलाई पनि पुरस्कृत गरिने उनको भनाई छ ।

उनले केही समयपछि जापानमा हुन लागेको एशियाली खेलकुदमा भारोत्तोलन तर्फ सहभागि हुने टिममा छनौट भएका चार वटै खेलाडी सप्तरी कै उत्पादन भएको जानकारी दिदै नयाँ नयाँ प्रतिभा जन्माउने उद्देश्यले पनि यस्ता प्रतियोगिताको आयोजना गर्न लागिएको बताए । उनले विगतमा मुलुकको विभिन्न ठाउँमा भएको भारोत्तोलनको राष्ट्रिय प्रतियोगितामा समेत स्वर्ण, पदक ल्याउनेमा मधेश प्रदेशमै सप्तरी पहिला स्थानमा रहने गरेको बताए ।

**सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं ।**

- राति हिंड्दा टर्च/बत्तीको प्रयोग गरौं.
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं.
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं.
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं.
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं.
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं.
- अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ ।

समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मौसम परिवर्तनका कारण स्वास्थ्यमा असर

मौसम परिवर्तनका कारण अहिले जनमानसको स्वाथ्यमा असर पुगिरहेको छ। सबैभन्दा बढी बालबालिकाहरुमा यसको असर परिरहेको छ। ज्वरो आउने, रुखाखोकी, झाडापखाला जस्ता कारणले अहिले बालबालिकाहरु बिरामी परिरहेका छन्। यसले बृद्धबृद्धाहरुलाई समेत असर पारिरहेको छ। टाउको दुख्ने, झाडापखाला, ज्वरो, रुघाखोकी, शरीर दुख्ने जस्ता रोगहरुका कारण उनीहरु बिरामी परिरहेका छन्।

अत्याधिक गर्मी र समय समयमा हुने वर्षाले मानिसहरुको स्वास्थ्यमा झनै असर परिरहेको छ। गर्मीसँगै बर्षापछि हुने मौसम परिवर्तनले रुघाखोकी, टाउको दुख्ने, ज्वरो जस्तो सामान्य लक्षणहरु व्यक्तिमा देखापरेको छ। यस्ता सामान्य बिमारीहरुको समयमै ध्यान नदिइए ठूला रोगहरु लाग्न सक्छन्। यसतर्फ ध्यान नदिंदा यस किसिमका सामान्य रोगले उग्र रुप लिएर जटिल समस्या निम्त्याउँछ।

तसर्थ यस्तो बेला वर्षाबाट बच्नु पर्छ। ताजा खानाका साथै उमालेको पानी पिउनेतर्फ ध्यान दिनु जरुरी छ। मानिस सचेत भई स्वास्थ्यप्रति बढी ध्यान दिनेतर्फ अग्रसरता देखाउनु अति आवश्यक छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा मृत्युको प्रमुख कारक बन्दै नसर्ने रोग : रोगको जोखिमलाई घटाउने उपाय 'पेन-डी प्याकेज'

काठमाडौँ, १० जेठ (रासस)।

नेपालमा नसर्ने रोगहरू ( उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली र श्वासप्रश्वाससम्बन्धी रोग) समयअगावै हुने मृत्युका प्रमुख कारणका रूपमा देखापरेका छन्।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार कुल मृत्युको करिब ७१ प्रतिशत हिस्सा नसर्ने रोगका कारण हुने गरेको छ। साथै, सन् २०३० सम्म यो दर ७९ प्रतिशतसम्म पुग्ने प्रक्षेपण गरिएको छ। यस्ता रोगहरूले व्यक्ति, परिवार तथा समग्र स्वास्थ्य प्रणालीमा पर्ने भार निरन्तर बढाइरहेका छन्।

स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयद्वारा कार्यान्वयनमा ल्याइएको 'नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना (२०७८-२०८२)'अनुसार करिब २२ प्रतिशत नेपाली जनता नसर्ने रोगका कारण ३० देखि ७० वर्षको उमेर बीचमै अकाल मृत्युको जोखिममा छन्।

पछिल्लो समय अधिकांश घरपरिवारमा कुनै न कुनै प्रकारका नसर्ने रोगका बिरामी भेटिन थालेका छन्। यद्यपि, २०७८ माघ २४ गते मन्त्रिपरिषद्बाट स्वीकृत उक्त महत्वाकाङ्क्षी कार्ययोजनाले अपेक्षित रूपमा नसर्ने रोग न्यूनीकरणमा उल्लेखनीय सुधार ल्याउन सकेको छैन।

नेपालमा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रूपमा प्रभावकारी नभएकाले नसर्ने रोगसम्बन्धी राष्ट्रिय मृत्यु-दरका तथ्याङ्क प्राप्त गर्न अझै चुनौती रहेको छ।

हाल करिब ५० प्रतिशत मृत्यु मात्र दर्ता हुने अनुमान गरिएको छ। सरकारी अस्पतालहरूको अन्तरङ्ग तथा बहिरङ्ग सेवामा आउने बिरामीहरूमध्ये ठूलो हिस्सा नसर्ने रोगसँग सम्बन्धित रहेको तथ्याङ्कले देखाएको छ।

अर्कोतर्फ, भूकम्प, बाढी, पहिरो तथा जलवायुजन्य विपद्जस्ता जोखिमप्रति नेपालको उच्च संवेदनशीलताले कमजोर स्वास्थ्य सेवा प्रणालीलाई पटक-पटक प्रभावित बनाइरहेको छ। नसर्ने रोग भएका व्यक्तिहरूका लागि यस्ता अवरोधहरू झन् प्राणघातक बन्न सक्छन्। यसले नियमित उपचारमा अवरोध, औषधिको अभाव तथा गम्भीर स्वास्थ्य जटिलता निम्त्याउने गरेको छ।

विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको उपचार सेवालाई निरन्तरता दिन विपद्का समयमा नसर्ने रोगसम्बन्धी अत्यावश्यक हेरचाह 'पेन-डी प्याकेज' तयार गरिएको हो। यो 'प्याकेज'ले विपद्का बेला नसर्ने रोगको उपचारमा देखिने महत्वपूर्ण कमी तथा अवरोधलाई सम्बोधन गर्ने उद्देश्य राख्दछ। नेपालले प्राथमिक स्वास्थ्य सेवामार्फत नसर्ने रोग व्यवस्थापनका लागि विश्व स्वास्थ्य सङ्गठनको 'अत्यावश्यक नसर्ने रोग उपचार प्याकेज' (डब्लुएचओ - पेन) अवलम्बन गरिसकेको भए पनि विपद्का समयमा त्यसलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अझै पर्याप्त तयारी र संरचना आवश्यक रहेको देखिएको छ।

'पेन-डी प्याकेज' ले विद्यमान राष्ट्रिय स्वास्थ्य प्रणाली र 'प्रोटोकल'लाई आधार मानेर आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै सेवाको दायरा विस्तार गर्न सहयोग गर्दछ। यसले नियमित स्वास्थ्य प्रणाली अवरुद्ध भए पनि अत्यावश्यक नसर्ने रोगसम्बन्धी सेवाहरू उपलब्ध, सञ्चालनयोग्य र प्रभावकारी रहने सुनिश्चित गर्दछ। नयाँ 'क्लिनिकल' मापदण्ड थप गर्नुको सट्टा यसले उपचार सेवाको निरन्तरतामा विशेष जोड दिन्छ।

साथै, विपद्अघि, विपद्को समयमा र विपद्पश्चात् औषधि, निदान सेवा, दक्ष जनशक्ति तथा सेवा प्रवाह प्रणालीलाई सक्रिय र सुदृढ राख्न सहयोग पुर्‍याउँछ।

'पेन-डी प्याकेज' मुख्य रूपमा एक व्यावहारिक तथा एकीकृत कार्यढाँचा हो, जसले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापनाका गतिविधिसँग जोड्दछ। यसअन्तर्गत जोखिम नक्साङ्कन, उच्च जोखिममा रहेका बिरामीहरूको पहिचान, आवश्यक औषधि तथा परीक्षण सामग्रीको पूर्व भण्डारण, मोबाइल तथा विकेन्द्रीकृत स्वास्थ्य सेवा सञ्चालन, स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि, र बिरामीहरूलाई स्व-हेरचाहसम्बन्धी मार्गदर्शन प्रदान गर्ने व्यवस्था समावेश गरिएको छ।

यसले स्वास्थ्य तथा विपद् व्यवस्थापन प्रणाली बीचको समन्वयलाई प्राथमिकता दिँदै समुदायदेखि स्वास्थ्य संस्था र राष्ट्रिय स्तरसम्मको प्रतिकार्य संयन्त्रलाई जोड्दछ। यसरी 'पेन-डी प्याकेज' ले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समुदायस्तरीय स्वास्थ्य सेवासँग एकीकृत गरी विपद्को कठिन परिस्थितिमा पनि सेवा निरन्तरता कायम राख्न सक्षम प्रणाली निर्माणमा सहयोग पुर्‍याउँछ।

विपद् व्यवस्थापन चक्रका सबै चरणमा 'पेन-डी प्याकेज' को भूमिका अत्यन्त महत्वपूर्ण छ। विपद्अघि यसले जोखिममा रहेका व्यक्तिको पहिचान, औषधि भण्डारण, स्वास्थ्यकर्मी तालिम तथा समुदाय सचेतनामार्फत तयारीलाई सुदृढ बनाउँछ। साथै, बिरामीलाई स्व-व्यवस्थापन र आपत्कालीन 'किट' मार्फत सशक्त बनाइन्छ भने स्वास्थ्य संस्थाहरूलाई आपूर्ति प्रणाली र समन्वय सुदृढ गर्न सहयोग गरिन्छ।

त्यसैगरी, पूर्वानुमानमा आधारित पूर्वकार्यअन्तर्गत बाढी वा पहिरोजस्ता सम्भावित विपद्को पूर्वसूचना प्राप्त भएपछि दुई-चार हप्ताका लागि आवश्यक औषधिको पूर्ववितरण, घुम्ती स्वास्थ्य टोली परिचालन, सामुदायिक स्वास्थ्यकर्मी परिचालन तथा उच्च जोखिममा रहेका बिरामीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यहरू सञ्चालन गरिन्छ। सेवा प्रवाहका माध्यममा 'पेन-डी प्याकेज' किट, औषधि, नगद वा नगद-सहितको सहयोग, जनचेतना तथा क्षमता विकास कार्यक्रमहरू पनि समावेश गरिएका छन्।

विपद्को समयमा नसर्ने रोगसम्बन्धी सेवा प्रभावकारी रूपमा निरन्तर सञ्चालन गर्न पूर्वसूचना तथा पूर्वकार्य प्रणालीलाई स्वास्थ्य सेवासँग एकीकृत गरिएको छ। बाढी तथा पहिरोजस्ता जोखिमसम्बन्धी पूर्वानुमानलाई पूर्वनिर्धारित 'ट्रिगर' सँग जोडेर आवश्यक तयारी तथा सेवा सञ्चालन प्रक्रिया सक्रिय गरिन्छ। यसले समयमै सूचना प्रवाह, औषधिको पूर्व भण्डारण तथा स्वास्थ्य टोली परिचालन सुनिश्चित गर्दछ।

साथै, पूर्वसूचना प्रणालीमा उच्च जोखिममा रहेका बिरामीहरूको सूची, स्वास्थ्य संस्थाको तयारी अवस्था तथा आपूर्ति शृङ्खलासम्बन्धी सूचकहरू समावेश गरिएका छन्।

विपद्को समयमा 'मोबाइल क्लिनिक', 'टेलिमेडिसिन', समुदायमा आधारित अनुगमन तथा पूर्व भण्डारित सामग्री वितरणमार्फत सेवा निरन्तरता सुनिश्चित गरिन्छ। अग्रपङ्क्तिका स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरूले आधारभूत परीक्षण, परामर्श तथा अनुगमन सेवा प्रदान गर्दछन्। मस्तिष्काघात (स्ट्रोक) वा मधुमेहजन्य जटिलताजस्ता आपत्कालीन अवस्थाका लागि आवश्यक 'रेफरल' प्रणालीसमेत सञ्चालनमा राखिन्छ। विपद्पश्चात् नियमित सेवा पुनःस्थापना, उपचार अवरोधका कारण उत्पन्न जटिलताको व्यवस्थापन तथा सिकाइलाई भावी योजनामा समावेश गरिन्छ।

'पेन-डी प्याकेज' ले समावेशिता र समानतालाई पनि प्राथमिकता दिन्छ। विशेषगरी ज्येष्ठ नागरिक, फरक क्षमता ( अपाङ्गता) भएका व्यक्ति तथा सीमित गतिशीलता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर 'कोही पनि पछाडि नछुटोस्' भन्ने अवधारणालाई व्यवहारमा उतारिएको छ। समुदायको सहभागिता, कार्य विभाजन तथा विकेन्द्रीकृत सेवा प्रवाहमार्फत स्थानीय क्षमताको उपयोग गर्दै सामुदायिक उत्थानशीलता सुदृढ बनाइन्छ। मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, सुरक्षित आश्रयस्थल तथा बिरामी-केन्द्रित सेवा कार्यढाँचाले यसको प्रभावकारिता अझ बढाउँछ।

राष्ट्रिय स्तरमा 'पेन-डी प्याकेज' को अवलम्बन नेपाल सरकारका लागि रणनीतिक आवश्यकता र अवसर दुवै हो। यसले परम्परागत रूपमा आकस्मिक रोगमा केन्द्रित विपद् व्यवस्थापन प्रणालीमा दीर्घकालीन नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समेट्दै नीति तथा कार्यान्वयनका कमीहरू पूर्ति गर्दछ। साथै, विश्वव्यापी स्वास्थ्य सेवा पहुँच तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धतासँग पनि मेल खान्छ।

देशव्यापी रूपमा 'पेन-डी प्याकेज' को विस्तारले सङ्घीयदेखि स्थानीय तहसम्म तथ्यमा आधारित तथा मापदण्डयुक्त कार्यान्वयन सुनिश्चित गर्नेछ। यसले स्वास्थ्य संस्था, आपत्कालीन प्रतिकार्य प्रणाली तथा सामुदायिक सञ्जाललाई विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको सुरक्षा र उपचार निरन्तरताका लागि सक्षम बनाउनेछ।

साथै, यसले दीर्घकालीन आर्थिक तथा सामाजिक भार घटाउँदै मृत्यु तथा जटिलता न्यूनीकरणमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

'पेन-डी प्याकेज' नेपालमा स्वास्थ्य तथा विपद् प्रतिकार्य प्रणालीका लागि समयसापेक्ष तथा अत्यावश्यक नवीन पहल हो। यसले नियमित नसर्ने रोगसम्बन्धी सेवा र आपत्कालीन प्रतिकार्यबीचको खाडल पूरा गर्दै सेवा निरन्तरता, समानता तथा उत्थानशीलता सुनिश्चित गर्दछ। यसको संस्थागत अवलम्बनले जोखिममा रहेका समुदायको संरक्षण, स्वास्थ्य प्रणालीको तयारी सुदृढीकरण तथा विपद्को बीच पनि सुरक्षित भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ।

'पेन-डी प्याकेज' स्वास्थ्य तथा स्वच्छता मन्त्रालयको मार्गदर्शन तथा सहयोगमा स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँगको सहकार्य तथा नेपाल रेडक्रस सोसाइटीको नेतृत्वमा विकास गरिएको हो। उक्त प्याकेज निर्माणमा डेनिस रेडक्रस, क्यानाडियन रेडक्रस तथा आरहुस विश्वविद्यालयबाट प्राविधिक सहयोग र नोभो नर्डिस्क फाउन्डेसनबाट आर्थिक सहयोग प्राप्त भएको थियो।

**'पेन-डी प्याकेज' : सफल अभ्यास, सबै पालिकामा कार्यान्वयन आवश्यक**

नेपाल रेडक्रस सोसाइटीले बर्सेनि बाढी तथा डुबानको उच्च जोखिममा रहेका कैलालीको भजनी नगरपालिका र कञ्चनपुरको लालझाडी गाउँपालिकामा 'उत्थानशील नसर्ने रोगः पश्चिम नेपालका विपद्-सम्भावित नगरपालिकाहरूमा नसर्ने रोग उपचार सेवाको उत्थानशीलता सुदृढीकरण' कार्यक्रम सञ्चालन गरेको थियो।

कार्यक्रमको मुख्य उद्देश्य विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूलाई निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने तथा स्थानीय स्वास्थ्य प्रणालीको क्षमता अभिवृद्धि गर्नु रहेको थियो।

दुईवर्षे परियोजनाअन्तर्गत हालै विपद्को समयमा 'पेन-डी प्याकेज' प्याकेजको परीक्षण तथा कार्यान्वयन तयारीका लागि कृत्रिम घटना अभ्यास सम्पन्न गरिएको थियो। विभिन्न प्रोटोकलहरूलाई आठवटा परिदृश्यमा आधारित अभ्याससमार्फत परीक्षण गरिएको थियो। अभ्यासमा पालिका, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, विषयगत शाखा, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य

*बाँकी तीन पृष्ठमा*

# ‘अनुशासन र नैतिक मूल्य मान्यता अहिलेको आवश्यकता हो’

काठमाडौँ, १० जेठ (रासस) ।

विभिन्न राजनीतिक दलका नेताहरूले अनुशासन र नैतिक मूल्य मान्यता विद्यमान समाजको प्रमुख आवश्यकता भएको बताउनुभएको छ । परिवर्तन अभियान नेपालले तारकेश्वर नगरपालिकाबाट विसं २०८२ को माध्यामिक शिक्षा परिक्षा ( एसइई) परीक्षामा उत्तीर्ण विद्यार्थीको सम्मानमा बनिबार आयोजित कार्यक्रमका वक्ताहरूले अनुशासन र नैतिक शिक्षा वर्तमान आवश्यकता भएको बताउनुभएको हो ।

नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले विद्यार्थी नै मुलुकको भविष्य भएकाले उनीहरूलाई सामाजिक मूल्यका बारेमा पर्याप्त जानकारी दिनुका साथै अनुशासनमा राख्न जरुरी रहेको बताउनुभयो । उहाँले शिक्षामा केवल किताबी ज्ञान मात्र नभई अनुशासन र नैतिक मूल्य मान्यताको पनि उत्तिकै महत्त्व हुने बताउनुभयो । नेता केसीले विद्यार्थीलाई जीवनको यो नयाँ खुट्किलोमा सही निर्णय लिन र आफ्नो रुचि अनुसारको विषय छनोट गर्न सुझाव दिनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)का सांसद केपी खनालले आफ्नो बाल्यकालदेखिको सामाजिक यात्रा स्मरण गर्दै विद्यार्थीलाई स्वदेशमै भविष्य खोज्न आग्रह गर्नुभयो । उहाँले विदेश पलायन हुने प्रवृत्तिको सट्टा नेपालमै बसेर कसरी परिवर्तन ल्याउन सकिन्छ भन्नेमा ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा)की सांसद खुश्बु ओलीले विद्यार्थीलाई पढाईसँगै सीप सिक्न र काम गर्ने बानी बसाल्न आग्रह गर्नुभयो । “पढाइसँगै सीप र काम गर्ने बानी बसाल्नुस्, यसले तपाईंलाई आर्थिक रूपमा मात्र होइन, अनुशासित पनि बनाउँछ,” उहाँले भन्नुभयो । नेपाली कांग्रेसका सांसद निश्कल राईले विद्यार्थीलाई राजनीतिक र सामाजिक रूपमा सचेत रहँदै देश विकासमा लाग्न आग्रह गर्नुभयो ।

परिवर्तन अभियान नेपालका अध्यक्ष सुशील भट्टले विद्यार्थीका लागि संस्थाले आगामी एक महिनासम्म निःशुल्क शैक्षिक परामर्श ( काउन्सिलिङ) उपलब्ध गराउने बताउनुभयो । उहाँले आर्थिक अभावका कारण उच्च शिक्षा हासिल गर्न कठिनाइ भोगिरहेका विद्यार्थीका लागि विभिन्न ‘प्लस टू’ कलेजसँग समन्वय गरी छात्रवृत्तिको व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा कांग्रेस काठमाडौँका सभापति कृष्ण सबुज बानियाँ, तारकेश्वर नगरपालिकाकी उपप्रमुख सिर्जना बुर्लाकोटी अर्याललगायतले तीनै तहको सरकारले नेपालको शैक्षिक सुधारमा ध्यान दिन आवश्यक रहेको बताउनुभएको थियो । कार्यक्रममा यस वर्षको एसइईमा ४ जिपिए ल्याउने र अन्य विद्यार्थीलाई मायाको चिनो र सम्मानपत्र प्रदान गरिएको थियो ।

# ‘सञ्चारमाध्यमको विश्वसनीयता जोगाउन एकताबद्ध हुनुपर्छ’

काठमाडौँ, १० जेठ (रासस) ।

वरिष्ठ पत्रकार तथा सञ्चार क्षेत्रका विज्ञहरूले पत्रकारिताको अस्तित्व, स्वतन्त्रता र मूलधारे सञ्चारमाध्यमको विश्वसनीयता जोगाउन एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिएका छन् । नेपाल पत्रकार महासङ्घ काठमाडौँ जिल्लोको २५औँ साधारणसभाको अवसरमा यहाँ बनिबार आयोजित कार्यक्रममा उहाँहरूले पत्रकारले निष्पक्षता, निर्भिकता र आचारसंहितालाई आत्मसात गर्नुपर्ने धारणा राख्नुभयो ।

साधारणसभाको उद्घाटन गर्दै वरिष्ठ पत्रकार किशोर नेपालले पछिल्लो समयमा सामाजिक सञ्जालको प्रभाव बढे पनि पत्रकारिताको भूमिका अझै बढ्दै गएको बताउँदै पत्रकारिता पेसा मात्रै नभएर लोकतन्त्रको आधार भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “पत्रकारिताको संस्थागत अस्तित्व कमजोर हुन दिनुहुँदैन, सरकारको विज्ञापन नीति र सञ्चार माध्यमप्रतिको व्यवहार विगतदेखि नै अस्थिर रहँदै आएको छ, त्यसको विरुद्धमा निरन्तर सङ्घर्ष गर्नुपर्छ ।”

महासङ्घकी अध्यक्ष निर्मला शर्माले संविधान संशोधनमार्फत अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हकलाई थप बलियो बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । राज्यले मिडियामाथि नियन्त्रणभन्दा नियमन गर्नुपर्ने उहाँको भनाइ छ ।

महासङ्घका पूर्वकार्यवाहक अध्यक्ष बाला अधिकारीले आफ्नो हकअधिकारको लागि महासङ्घले शसक्त भूमिका निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो । महासङ्घका केन्द्रीय वरिष्ठ उपाध्यक्ष उम्मिदप्रसाद बागचन्दले नेपाली पत्रकारिता क्षेत्रलाई थप मर्यादित बनाउनुपर्ने धारणा राख्नुभयो । काठमाडौँ शाखाकी अध्यक्ष शोभा अर्यालले काठमाडौँ शाखाले प्रेस स्वतन्त्रता, संस्थागत मजबुती, पत्रकारको क्षमता अभिवृद्धि तथा सञ्चार क्षेत्रका समस्याको समाधानका लागि सक्रिय रूपमा काम गर्दै आएको बताउनुभयो ।

काठमाडौँ शाखाका निवर्तमान अध्यक्ष सूर्य सुवेदीले नेतृत्व तहमा पारदर्शिता र खुला बहसको आवश्यकता औँल्याउनुभयो । बन्दसत्रमा सचिव रमेशकुमार बोहराले वार्षिक सङ्गठनात्मक र कोषाध्यक्ष रामचन्द्र कार्कीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । साधारणसभाले संस्थाको वार्षिक सङ्ठनात्मक तथा आर्थिक प्रतिवेदन पारित गर्दै संस्थागत सुदृढीकरण, प्रेस स्वतन्त्रता र पत्रकारको पेसागत मर्यादा संरक्षणका विषयलाई प्राथमिकता दिनेलगायत विषय समावेश गरी घोषणापत्र जारी गरेको छ ।

# तेइस करोड ७७ लाख खानीको ‘रोयल्टी’ तत्काल उठाउन निर्देशन

काठमाडौँ, १० जेठ (रासस) ।

खानी तथा खानीजन्य पदार्थबाट प्राप्त हुने रु २३ करोड ७७ लाख ८८ हजार बराबर ‘रोयल्टी’ तत्काल असुल गर्न महालेखापरीक्षकको कार्यालयले निर्देशन दिएको छ ।

महालेखापरीक्षकको कार्यालयको ६३औँ वार्षिक प्रतिवेदनअनुसार, एक वर्षभन्दा बढी अवधिसम्म उत्खननबापतको रोयल्टी नबुझाएको र अनुमति पाएकोभन्दा बढी परिमाण उत्खनन गरेको पाइएको छ । साधारण ढुङ्गाको रोयल्टी दर प्रतिघनमिटर रु २५ तथा नियमबमोजिम ३० प्रतिशत जरिवाना र १० प्रतिशत स्थानीय विकास शुल्कसमेतको रकम असुल गर्न भनिएको छ ।

खानी तथा खनिज पदार्थ नियमावलीअनुसार, खानीबाट निकालिएको खनिज पदार्थको परिमाणका आधारमा रोयल्टी रकम प्रत्येक महिना समाप्त भएको सात दिनभित्र राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । खानी तथा भूगर्भ विभागबाट अनुमति पाएका खानीहरूबाट रु एक अर्ब ५९ करोड ४५ लाख आठ हजार रोयल्टी सङ्कलन भएको छ ।

तोकएको समयमा रोयल्टी नबुझाएको खण्डमा ३० प्रतिशतसम्म जरिवाना रकम तिर्नुपर्ने व्यवस्था छ । विभागका अनुसार तीन वटा कम्पनीले १० प्रतिशत स्थानीय शुल्कसमेत गरी रु चार करोड ९९ लाख ५४ हजार दाखिला गर्नुपर्ने देखिएको छ ।

सो रकम असुल गर्न प्रतिवेदनमा भनिएको छ । खनिज पदार्थ उत्खनन गर्न अनुमति प्राप्त व्यक्ति, फर्म तथा उद्योगले सम्झौतामा तोकिएको परिमाण मात्र उत्खनन गर्नुपर्ने व्यवस्था भए पनि सो अनुरुप नभएको प्रतिवेदनमा उल्लेख छ ।

विभागले उत्खननकर्ताले बुझाएको परिमाणका आधारमा रोयल्टी लिने गरेकाले खनिज पदार्थको हिसाबकिताब तोकिएको ढाँचामा राख्न महालेखापरीक्षकको कार्यालयले सुझाएको छ ।

उत्खनन अनुमति र माइनिङ स्किमभन्दा बढी उत्खनन गर्ने कार्य नियन्त्रण गर्नुपर्ने निर्देशन दिइएको छ । खनिज कोष स्थापना गर्ने, भौगर्भिक सूचनाको नक्साङ्कन गर्ने, सबै खनिज स्रोतको डेटाबेस तयार गर्नेलगायतका नीति कार्यान्वयन नभएको भन्दै तत्काल प्रक्रिया अगाडि बढाउन भनिएको छ ।

### *नेपालमा मृत्युको ...*

संस्था, स्थानीय समुदाय तथा विपद् व्यवस्थापन समितिको सक्रिय सहभागिता रहेको थियो ।

परियोजनालाई स्थानीय तह तथा प्रभावित समुदायले सफल अभ्यासका रूपमा मूल्याङ्कन गरेका छन् । भजनी नगरपालिकाका प्रमुख केवल चौधरीका अनुसार नगरपालिकाका नौवटै वडा बाढी तथा डुबानको उच्च जोखिममा रहेका छन् । विगत केही वर्षदेखि बाढी र डुबानका कारण मानवीय तथा भौतिक क्षति दोहोरिँदै आएको छ ।

उहाँका अनुसार पछिल्लो समय नसर्ने रोगको बढ्दो भारले बाढीको समयमा समुदायलाई झन् बढी जोखिममा पारेको छ । उहाँले भन्नुभयो, “नसर्ने रोगको समस्या निरन्तर बढिरहेको छ । यसको प्रभाव न्यूनीकरण गर्न ‘पेन डी प्याकेज’ प्रभावकारी उपाय बन्न सक्छ । आगामी वर्षदेखि यसलाई नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्ने तयारी गरेका छौँ ।”

त्यस्तै, लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मल रानाले ‘रेजिलियन्स नसर्ने रोग उपचार सेवा’ परियोजना कार्यान्वयनपछि नसर्ने रोगसम्बन्धी धेरै जानकारी र अनुभव प्राप्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, “सरुवा रोगभन्दा नसर्ने रोगले मानिसलाई धेरै प्रभावित बनाइरहेको छ । उपचार खर्च पनि दिनानुदिन महँगो हुँदै गएको छ । झन् विपद्को समयमा यस्ता बिरामीको सेवा निरन्तरता सुनिश्चित गर्नु ठूलो चुनौती बन्छ । त्यसैले ‘पेन डी प्याकेज’लाई आगामी नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरेका छौँ । यसमा सङ्घीय र प्रदेश सरकारको सहयोग आवश्यक छ ।”

इपिडिमियोलोजी तथ रोग नियन्त्रण महाशाखा, सामुदायिक स्वास्थ्यविज्ञ डा सबिन पराजुली तथा व्यवस्थापन महाशाखाका सुदीप आलेमगर ‘पेन डी प्याकेज’ प्रमाणीकरण तथा स्वास्थ्य प्रणालीभित्र आबद्ध गरेर सबै पालिकामा कार्यान्वयन आवश्यक रहेकामा जोड दिनुभयो ।

## विश्व समाचार

# ह्वाइट हाउस नजिक गोलीकाण्ड

वासिङ्टन, १० जेठ (रासस/एएफपी) ।

ह्वाइट हाउस नजिक शनिबार साँझ भएको गोलीकाण्डमा एक बन्दुकधारी अमेरिकी गोप्य सेवा (युएस सेक्रेट सर्भिस) एजेन्टको कारबाहीमा मारिएका छन् । घटनाका क्रममा एक दर्शक पनि गोली लागेर घाइते भएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्प घटनाको समयमा ह्वाइट हाउसभित्रै रहे पनि उहाँ सुरक्षित रहेको अधिकारीहरूले बताएका छन् । युएस सेक्रेट सर्भिसका सञ्चार प्रमुख एन्थोनी गुग्लिल्मीका अनुसार साँझ ६ बजेपछि ह्वाइट हाउसको सुरक्षा घेरानजिक एक व्यक्तिले आफ्नो झोलाबाट हतियार निकालेर अन्धाधुन्ध गोली चलाउन थालेपछि सुरक्षाकर्मीहरूले तत्काल जवाफी कारबाही गरेका थिए ।

सेक्रेट सर्भिसका प्रहरी अधिकारीहरूले संदिग्धमाथि गोली चलाएपछि उनलाई तत्काल अस्पताल लगिएको थियो, जहाँ चिकित्सकहरूले मृत घोषणा गरेका थिए । गोली हानाहानका क्रममा घटनास्थलमा रहेका एक दर्शकलाई पनि गोली लागेको थियो, तर उनको स्वास्थ्य अवस्थाबारे थप विवरण सार्वजनिक गरिएको छैन । अमेरिकी सञ्चारमाध्यमहरूले मारिएका संदिग्धलाई मेरिल्यान्डका २१ वर्षीय नासिरे बेस्टका रूपमा पहिचान गरेका छन् । रिपोर्टहरूका अनुसार बेस्टको मानसिक स्वास्थ्यसम्बन्धी समस्या रहेको इतिहास थियो र यसअघि पनि उनको सेक्रेट सर्भिस सदस्यहरूसँग पटक-पटक सम्पर्क भएको थियो । घटनामा कुनै पनि सेक्रेट सर्भिस अधिकारी घाइते नभएको जनाइएको छ । गोलीकाण्डपछि प्रहरी र सुरक्षा बलहरूले ह्वाइट हाउस वरपरको क्षेत्रलाई तत्काल घेरा हालेर नियन्त्रणमा लिएका थिए । नेसनल गार्डका सैनिकहरूले वासिङ्टनको डाउनटाउन क्षेत्रमा आवतजावतमा समेत कडाइ गरेका थिए । घटनास्थल नजिक रहेका क्यानाडाली पर्यटक रिड एड्रियनले आफूहरूले सुरुमा आतशबाजी पड्किएको जस्तो आवाज सुने पनि केही क्षणमै ती आवाज गोलीका भएको बुझिएको बताउनुभयो । उहाँका अनुसार त्यसपछि वरपर रहेका मानिसहरू भागाभाग गर्न थालेका थिए ।

त्यस समयमा ह्वाइट हाउसको नर्थ लन क्षेत्रमा रहेका पत्रकारहरूलाई तत्काल प्रेस ब्रिफिङ कक्षमा गएर आश्रय लिन निर्देशन दिइएको थियो । एबिसी न्युजकी संवाददाता सेलिना वाङ सामाजिक सञ्जालका लागि भिडियो रेकर्ड गरिरहेकै बेला गोली चलेको थियो र उहाँले उक्त घटनाको आवाज आफ्नो भिडियोमा कैद गर्नुभएको थियो । “दर्जनौँ गोली चलेजस्तो महसुस भयो”, उहाँले सामाजिक सञ्जाल एक्समा उल्लेख गर्नुभयो । यो घटना राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि विगत केही समययता भइरहेका कथित सुरक्षा खतराको शृङ्खलासँग पनि जोडिएको देखिएको छ । ७९ वर्षीय ट्रम्प यसअघि तीन अलग-अलग कथित हत्या प्रयासको लक्ष्य बनेको बताइएको छ ।

सबैभन्दा पछिल्लो घटना अप्रिल २५ मा भएको थियो, त्यस क्रममा एक सशस्त्र व्यक्तिले ट्रम्प मिडिया गालामा भइरहेको कार्यक्रममा सुरक्षा चौकीमाथि आक्रमण गरेका थिए । ती व्यक्ति ट्रम्प वा कार्यक्रममा सहभागी पाहुनासम्म पुग्न भने सफल भएका थिएनन् । यसअघि जुलाई २०२४ मा पेन्सिलभेनियाको बटलरमा आयोजित चुनावी र्‍यालीमा ट्रम्पमाथि गोली प्रहार गरिएको थियो । उक्त घटनामा एक दर्शकको मृत्यु भएको थियो भने तत्कालीन उम्मेदवार ट्रम्पको कानमा सामान्य चोट लागेको थियो । त्यसको केही महिनापछि ट्रम्प गल्फ खेलिरहेको फ्लोरिडाको वेस्ट पाम बिचस्थित गल्फ कोर्सनजिक अर्को सशस्त्र व्यक्तिलाई पक्राउ गरिएको थियो । शनिबारको गोलीकाण्डपछि अमेरिकी हाउस रिपब्लिकनहरूले सामाजिक सञ्जालमार्फत राष्ट्रपति ट्रम्प सुरक्षित रहेकोमा राहत व्यक्त गर्दै सेक्रेट सर्भिसको द्रुत प्रतिक्रियाको प्रशंसा गरेका छन् । उनीहरूले राजनीतिक हिंसा अन्त्य हुनुपर्ने धारणा पनि सार्वजनिक गरेका छन् ।

यसैबीच, ट्रम्पले गत वर्ष पुनः कार्यभार सम्हालेपछि ह्वाइट हाउस परिसरमा निर्माणाधीन नयाँ बलरुम परियोजनाका लागि सुरक्षा आवश्यकतालाई एउटा प्रमुख कारणका रूपमा अघि सार्नुभएको छ । न्युयोर्कका रियल इस्टेट व्यवसायीसमेत रहनुभएका ट्रम्पका अनुसार करिब ४० करोड डलर लागतको उक्त परियोजनामा भूमिगत सैन्य अस्पतालसहित अत्यधिक सुरक्षित तथा ‘ड्रोन-प्रतिरोधी’ संरचना समावेश गरिनेछ ।

# युद्धविराम विस्तारको सङ्केत

तेहरान, १० जेठ (रासस/एएनआई) ।

अमेरिका र इरानबीच जारी तनाव कम गर्ने प्रयासस्वरूप ६० दिनसम्म युद्धविराम विस्तार गर्ने सम्भावित सहमतितर्फ वार्ता अघि बढिरहेको प्रतिवेदन सार्वजनिक भएको छ । कूटनीतिक स्रोतहरूका अनुसार दुवै पक्ष सम्झौताको नजिक पुगेका छन् भने क्षेत्रीय मध्यस्थताले पनि संवाद प्रक्रियालाई गति दिएको बताइएको छ । पाकिस्तानका लागि इरानका राजदूत रेजा अमिरी मोघदमले वार्तामा मर्यादा र पारस्परिक सम्मानका आधारमा सकारात्मक प्रगति भएको बताउनुभयो । उहाँले कूटनीतिक प्रयासले क्षेत्रीय स्तरमा दिगो शान्ति स्थापना गर्न सहयोग पुग्ने आशा व्यक्त गर्नुभयो । मोघदमका अनुसार पाकिस्तानका गृहमन्त्री मोहसिन नकवीले तेहरान भ्रमणपछि इरानी अधिकारीहरूसँग भएका छलफलको उपलब्धिबारे आफूलाई बधाई दिनुभएको थियो । उहाँले सावधानीपूर्ण आशावाद व्यक्त गर्दै अर्को पक्षले पर्याप्त प्रतिबद्धता देखाए सकारात्मक परिणाम सम्भव रहेको उल्लेख गर्नुभयो ।

उहाँका अनुसार सम्भावित प्रगतिमा इरानको राष्ट्रिय गरिमा, सशस्त्र बलको दृढता, इरानी जनताको प्रतिरोध तथा पाकिस्तानी मध्यस्थकर्ताहरूको सक्रिय पहलले भूमिका खेलेको छ । फाइनान्सियल टाइम्सको प्रतिवेदनअनुसार अमेरिका र इरान ६० दिनसम्म युद्धविराम विस्तार गर्ने सहमतिमा पुग्ने चरणनजिक छन् । सम्भावित सम्झौताअन्तर्गत हर्मुज जलघाँटीलाई क्रमिक रूपमा पुनः सञ्चालनमा ल्याउने तथा इरानको उच्च स्तरमा समृद्ध पारिएको युरेनियम भण्डारलाई कमजोर बनाउने वा अन्यत्र स्थानान्तरण गर्ने प्रतिबद्धता समावेश हुन सक्ने उल्लेख गरिएको छ । बदला स्वरूप अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी सहज बनाउने, साथै विदेशमा रोक्का राखिएको तेहरानको सम्पत्तिमा राहत वा फ्रिज हटाउनेतर्फ सहमत हुन सक्ने जनाइएको छ ।

यसैबीच, इरान र पाकिस्तानले संयुक्त राज्य अमेरिकासमक्ष युद्ध अन्त्य गर्ने र हर्मुज जलघाँटी पुनः खोल्ने उद्देश्यसहित संशोधित प्रस्ताव पेस गरेका छन् । अल जजिराले आफ्ना स्रोतहरूलाई उद्धृत गर्दै आइतबारसम्म वासिङ्टनबाट प्रतिक्रियाको प्रतीक्षा भइरहेको जनाएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वार्तामा ‘केही प्रगति’ भएको स्वीकार गर्नुभएको छ । भारत भ्रमणका क्रममा पत्रकारहरूसँग कुरा गर्दै उहाँले आज, भोलि वा केही दिनभित्रै नयाँ प्रगति देखिन सक्ने सम्भावना रहेको बताउनुभयो । साथै यो मुद्दा कुनै न कुनै रूपमा समाधान गर्नुपर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धारणा पनि दोहोर्‍याउनुभयो ।

# तीव्रगतिका कारण हुन्छन् ५० प्रतिशत बढी दुर्घटना

काठमाडौँ, १० जेठ (रासस)।

वैशाख महिनामा देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामध्ये आधाभन्दा बढी तीव्र गतिका कारण भएको पाइएको छ। नेपाल प्रहरीको तथ्याङ्कअनुसार गत वैशाख महिनामा देशभर दुई हजार २९४ दुर्घटना भएकामा एक हजार २५३ दुर्घटना तीव्रगतिका कारण भएको थियो।

सो अवधिमा १३७ दुर्घटना चालकको असक्षमता, १३३ दुर्घटना हतारमा बाटो काट्नु, ११२ दुर्घटना मादक पदार्थ सेवा तथा ४६ वटा दुर्घटना अनावश्यक ओभरटेकका कारण भएका थिए। दुर्घटनामा १५८ पुरुष, ५४ महिला र २७ बालबालिका गरी २३९ जनाको मृत्यु भएको प्रहरी तथ्याङ्क छ। ती दुर्घटनामा परी ७५२ जना गम्भीर तथा तीन हजार २२० जना सामान्य घाइते भएका छन्।

वैशाख महिनामा ट्राफिक नियम उल्लङ्घन गर्नेविरुद्ध एक लाख ३७ हजार ९४ वटा कारबाही भएको छ भने सोबापत रु ११ करोड ८२ लाख ७४ हजार १८९ राजस्व असुली भएको छ। सो अवधिमा भएका ती दुर्घटनामा तीन हजार ३३४ वटा सवारी साधन संलग्न भएका थिए। सबैभन्दा बढी दुई पाङ्ग्रे सवारी साधन दुर्घटनामा परेका थिए।

साँझ ६ देखि राति १२ बजेसम्म सबैभन्दा बढी दुर्घटना हुने गरेको पाइएको छ। सो समयमा ८५९ दुर्घटना भएका थिए। यस्तै मध्याह्न १२ देखि साँझ ६ बजेसम्म ८५०, बिहान ६ देखि मध्याह्न १२ बजेसम्म ५०६ तथा मध्यराति १२ बजेदेखि बिहान ६ बजेसम्म ७८ वटा दुर्घटना भएको प्रहरी तथ्याङ्कले जनाएको छ।

# यस वर्ष विपद्बाट ७० जनाको मृत्यु

काठमाडौँ, १० जेठ (रासस)।

विसं २०८३ को वैशाखयता बनिबारसम्म भएका एक हजार ३४२ वटा विपद्जन्य घटनामा देशभर गरेर ७० जना नागरिकले ज्यान गुमाएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वर्ष २०८३ को पछिल्लो ४० दिनमा उक्त घटना भएको र ३३३ जना नागरिक घाइते भएका छन्।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार सबैभन्दा बढी लेक लागेर १६, चट्याङबाट १४ र आगलागीबाट ११ जनाले ज्यान गुमाएका छन्। यसैगरी, हुरीबाट नौ, जनावरको आक्रमणबाट आठ, सर्पदंशबाट पाँच, पहिरोबाट दुई, डुङ्गा पल्टिएर दुई तथा वन डढेलो, बाढी र हिउँपहिरोमा परेर एक/एक जनाको मृत्यु भएको छ।

ती विपद्का घटनाबाट एक हजार ६२१ परिवार प्रभावित भएका प्राधिकरणले बनिबार सार्वजनिक गरेको विवरणमा उल्लेख छ। विपद्जन्य घटना सङ्ख्या हेर्दा भने सबैभन्दा बढी आगलागीका ४८८ वटा घटना भएका छन्। यसैगरी, हुरीका २३०, चट्याङका १३९ र सर्पदंशका १०५ वटा घटना भएका छन्।

पछिल्लो २४ घण्टामा मात्रै विपद्जन्य घटनामा परेरका तीन जनाको मृत्यु भएको पनि उहाँले बताउनुभयो। ३२ वटा घटनामा १३ जना घाइते भएका र १७ लाखभन्दा बढीको क्षति भएको पनि प्राधिकरणले जनाएको छ।

देशमा मनसुन प्रवेशको चरणमा रहेका बेला कतै बाढी पहिरो र कतै तातो हावाको लहर जारी छ।

# दश महिनामा सात खर्ब ९४ अर्बको सामान भित्रियो

पर्सा, १० जेठ (रासस)।

वीरगन्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु सात खर्ब ९४ अर्ब ८७ करोड मूल्य पर्ने वस्तु तथा समान आयात भएको छ।

गत आवको १० महिनाको तुलनामा चालु अवधिको सोही अवधिमा यो नाका हुँदै रु एक खर्ब दुई अर्ब ४४ करोड अर्थात् १५ प्रतिशत बढी सामान भित्रिएको हो। वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगन्ज हुँदै हुने आयातमा बढोत्तरी भएको बताउनुभयो। उहाँले चालु आवको पेटोलियम पदार्थ र फलाम तथा फलामजन्य वस्तुको आयातमा वृद्धि भएको बताउनुभयो। जबकि गत आवको १० महिनामा भने रु छ खर्ब ९२ अर्ब ४३ करोड मूल्यका वस्तु तथा सामान आयात भएको थियो।

चालु आवको १० महिनामा रु एक खर्ब ८१ अर्ब ७० करोड मूल्य पर्ने पाँच थरिका पेटोलियम पदार्थको आयात भएको छ। त्यसैगरी, सोही अवधिमा रु ६९ अर्ब ४२ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएको छ। रु ५७ अर्ब ६६ करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ। त्यसैगरी रु ५५ अर्ब सात करोड मूल्य पर्ने भटमासको कच्चातेल आयात भएको छ।

# ज्येष्ठ र अपाङ्गता भएका नागरिकलाई विशेष व्यवस्था गर्न केन्द्रीय बैंकको निर्देशन

काठमाडौँ, १० जेठ (रासस)।

नेपाल राष्ट्र बैंकले ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक र साक्षरता नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रूपले बैंकिङ सुविधा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ। केन्द्रीय बैंकले क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थालाई एकीकृत निर्देशन जारी गर्दै त्यस्ता वर्गका ग्राहकलाई विशेष काउण्टर तोकेर सेवा प्रदान गर्न भनिएको हो।

इजाजतप्राप्त संस्थाले एकापसमा सहकार्य गरी प्रत्येक स्थानीय तहमा कम्तीमा एक शाखा अपाङ्गमैत्री बनाउनुपर्ने र त्यस प्रकारका शाखाको विवरण आफ्नो वेबसाइटमा राख्नुपर्ने नयाँ व्यवस्था गरिएको छ। बैंक तथा वित्तीय संस्थाले 'एटिएमलाउञ्ज' भएका स्थानमा ब्रेललिपिका सङ्केत तथा ध्वनि सहयोगसहितका कम्तीमा एक अपाङ्गमैत्री एटिएम राख्नुपर्ने नेपाल राष्ट्र बैंकले जनाएको छ।

यस्तो विवरण पनि आफ्नो वेबसाइटमा सार्वजनिक गर्नुपर्नेछ। अपाङ्गता भएका व्यक्तिले एटिएम, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङलगायत वित्तीय सेवा व्यक्ति स्वयंले उक्त सेवा उपयोग गर्नसक्ने स्वघोषणा गरेको खण्डमा इजाजतप्राप्त संस्थाले त्यस्तो सेवा उपलब्ध गराउनुपर्नेछ।

आफ्नो वेबसाइट तथा मोबाइल बैंकिङ एप दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिलेसमेत प्रयोग गर्न सकिने गरी विकास गर्नुपर्नेछ। त्यस्तै, क्रेडिट र डेबिट कार्डमा दृष्टिविहीनमैत्री प्रविधिसमेत जडान भएको हुनुपर्ने व्यवस्था गरिएको छ।

यसैगरी, अतिरिक्त समयमा काममा खटाउँदा प्रचलित व्यवस्थाबमोजिम अतिरिक्त पारिश्रमिक प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने एकीकृत निर्देशनमा उल्लेख छ। साथै कार्यालय समयका अतिरिक्त समयमा काम गर्न कर्मचारी बाध्य नहुने र बाध्य पार्न नपाइनेसमेत निर्देशनमा उल्लेख छ।

## ग्रामीण महिलाको ...

आइपुगे र मसँग फोटो समेत खिचाएर उक्त कार्यको प्रशंसा व्यक्त गरे।"

यस्तै तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ३ की आशा देवी राय तरकारी खेतीबाट मासिक १५ हजार आम्दानी भईरहेको बताउछिन्। सोही गाउँपालिका ५ की कोशीला देवीले सीप सिकेपछि सिलाई कटाईको काम गरेर स्वरोजगारमा लागेको सुनाइन्।

टिम लिडर केसीले महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले पुष्प खेती तालिम, तरकारी खेती प्रवर्द्धन, प्राविधिक सहयोग, माटोको भाँडा बनाउने सीप विकास तालिम, व्यावसायिक साक्षरता, क्षमता अभिवृद्धि तथा लैंगिक कार्य सिकाइ पद्धतिसम्बन्धी व्यवहारिक तालिम दिएर सामाजिक तथा आर्थिक रुपमा सक्षम बनाउने लक्ष्यसहित कार्यक्रम संचालन गरिएको जनाए।

सप्रोस नेपालका सप्तरी जिल्ला संयोजक बिमला न्यौपानेले छिन्नमस्ता गाउँपालिकाको वडा नं. ३ र ५ मा ४१ वटा तथा तिलाठी कोइलाडी गाउँपालिकाको वडा नं. ३, ४ र ५ मा ४९ वटा गरी ९० वटा महिला समूह गठन गरेर कार्यक्रम संचालन भइरहेको जानकारी दिइन्। कार्यक्रम अन्तर्गत ११ जना महिलालाई माटोको भाँडा तथा ग्लास बनाउने मेसिन समेत सहयोग गरिए उनले बताइन्।

सप्रोस नेपालका व्यवसायी विकास सहजकर्ता रुपेश सदायले दुबै पालिकाका ९० वटै समुहका महिलाहरुलाई आत्मनिर्भर बनाउन तालिम, प्राविधिक सहयोग र आर्थिक सहयोग गरिरहेको बताए।

दुबै पालिकामा गरिएको संयुक्त आनुगमनमा सप्रोस नेपालका पोषण अधिकृत नविता चौधरी, तिलाठी कोईलाडी गाउँपालिकाका कार्यक्रम स्रोत व्यक्ति राजेश झा, संचारकर्मीहरुसहित सप्रोस नेपालका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।


## प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड
### मुख्य कार्यालय राजविराज-४, सप्तरी

## ऋण बुझाउन आउने बारे ३५ दिने सार्वजनिक सूचना

मिति:-२०८३/०२/१०

यस प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजबिराज ४ सप्तरीबाट विभिन्न मितिमा आफ्नो उद्देश्यमा ऋण लिएका तपशीलका ऋणी सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो बापत लागेको ब्याज तथा हर्जना रकम नबुझाएकोले निजहरुलाई पटक-पटक मैखिक तथा लिखित रुपमा जानकारी गराउँदा समेत ऋण बुझाऊन अटेरी गरेको हुँदा निजहरुलाई ऋण बुझाउन आउने भनी ३५ दिने सार्वजनिक सूचना गरिएको छ। उक्त समय भित्र ऋण बुझाउन हुन सुचित गरिन्छ। सो नआएमा सहकारी ऐन २०७४ को दफा ७९,८३, सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको विनियम २०६८ बमोजिम निजहरुले लेखी दिएको धितो जमानत लिलाम बिक्रि गरी असुल उपर गरिने ब्योहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| क.स | ऋणीको नाम ,थर | ठेगाना | बुवा | ऋणको उदेश्य | मोवाईल न. |
|---|---|---|---|---|---|
| १ | कपिल प्रसाद साह | रा.वि-०४ | जिवछ प्रसाद साह | व्यवसायिक ऋण | ९८४०९८४४७७ |
| २ | प्रभु चौधरी | रा.वि-०६ | रधुनाथ चौधरी | व्यवसायिक ऋण | ९८११३९३८१४ |
| ३ | मो.सकिल हुसेन | रा.वि-०३ | रफिक मियाँ | व्यवसायिक ऋण | ९८१६७५६६०० |
| ४ | मोति सिंह | तिलाठी कोइलाडी-०४ | महेश्वर प्रसाद सिंह | व्यवसायिक ऋण | ९८१७७१०४९९ |
| ५ | अमजद अंसारी | रा.वि-०४ | मुर्तुजा अंसारी | व्यवसायिक ऋण | ९८०४७९३५९१ |
| ६ | प्रकाश साह | कञ्चनपुर, ना.पा १, बैरुवा | दिनेश प्रशाद साह | व्यवसायिक ऋण | ९८१९९४४१११ |
| ७ | नबल किशोर साह | रा.वि-०४ | सिता राम साह | व्यवसायिक ऋण | ९८१९७४५४०४ |
| ८ | मो.फिरोज | रा.वि-०४ | रसिद मियाँ | व्यवसायिक ऋण | |
| ९ | उर्मिला कुमारी साह | रा.वि-०५ | दिपनारायण साह | घर जग्गा ऋण | ९८४२८२३६०६ |
| १० | शवनम आरा | रा.वि-०४ | जैनुल मियाँ | घर जग्गा ऋण | ९८२३८६६८६१ |



सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*